# मादी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः८ मितिः२०७५।०४।१८

# भाग-२

## मादी नगरपालिकाद्वारा प्रकाशित

# मादी नगरपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७५

**प्रस्तावना** : अव्यस्थित बसाइसराई , जंगलको फडानी तथा अतिक्रमण, परम्परागत कृषि प्रणाली, जनसंख्याको वढ्दो चाप, अव्यवस्थित सडक निर्माण तथा आम मानिसमा जनचेतनाको कमी का कारण आगलागी, बाढी, पहिरो, माहामारी, झाडापखाला , भोकमरी, भुकम्प जस्ता प्राकृतिक विपत्तिमा परि धेरै मानिहरुको मृत्यु हुने गरेको छ । प्राकृतिक विपद बाट जीउ, ज्यान र धन सम्पतिको क्षति हुन्छ । साथै भौतिक संरचनामा क्षति हुनाले यस नगरपालिकाको आर्थिक, सामाजिक विकासमा समेत नकारात्मक प्रभाव पर्न जान्छ ।

यस्ता आर्थिक सामाजिक, मानविय तथा भौतिक संरचनाहरुको क्षतिलाई न्युनिकरण गर्ने हेतुले नेपालको संविधानको अनुसूची ८ मा दिएको एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा ११ उपदफा (२) खण्ड (न) को (छ) नम्बर तथा मादी नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधी, २०७५ तयार गरि यस मादी नगरकार्यपालिकाले लागू गरेको छ ।

## परिच्छेद -१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम “विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधी, २०७५” रहेको छ ।

(२) यो कार्यविधी नगरकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

क) "कार्यविधी" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधी २०७५ भन्ने बुझ्नुपर्छ।

ख) "कोष" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कोष भन्ने बुझ्नुपर्छ।

ग) "व्यवस्थापन समिति" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ।

घ) "कार्यपालिका" भन्नाले मादी नगरपालिकाको बुझ्नुपर्छ।

ङ) "विपद" भन्नाले प्रकृतिक तथा मानवीय विपदलाइ बुझ्नुपर्छ।

३. **कोषको स्थापना:** विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ।

४.**कोषको कार्यालय:** कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहने छ।

## परिच्छेद- २
## कोषको अवधारणा लक्ष्य र उद्देश्य

५. **कोषको अवधारणा:** मादी नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद तथा प्रकोप बाट प्रभावित व्यक्ति, परिवार, संघसंस्थाको संख्यामा कमी

ल्याउन तथा आम जनमानसमा प्राकृतिक विपद बारे सचेतना अभिवृद्धि गर्दै विपद बाट हताहत हुनेको संख्या न्युनीकरण गर्न, पिडित परिवारको पहिचान गरि राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ।

६. **लक्ष्यः** प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका परिवार संघ संस्थाहरुलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने, विपद जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरि मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ।

७. **उद्देश्यः** (१) विपद पिडितको उद्धार तथा पुनःस्थापनाका लागि जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघ संस्थाबिच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने।

(२) विपदका दृष्टिकोणले नगरपालिकाको जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरि विपद रोकथाम तथा विपद जोखिम व्यवस्थापनका लागि भौतिक तथा चेतनामूलक कार्यक्रम गर्ने।

(३) विपदबाट हुन सक्ने जोखिमलाई न्यून गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने।

(४) विपद पिडितको आधारभूत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मूयांकनका आधारमा तत्काल राहत उपलब्ध गराइ सहयोग गर्ने।

(५) भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरण मैत्री तथा भवन निर्माण आचार संहिता बमोजिम गर्ने, गराउने ।

(६) संधीय सरकारको स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ द्वारा निर्देशित विपद जोखिम व्यवस्थापन योजना तर्जुमामा जोड दिने ।

(७) विपदबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि नगरपालिकाको क्षमता विकास गर्ने ।

(८) विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरुका बीच समन्वय गर्ने ।

(९) विपद बाट पिडित व्यक्तिहरुलाई तत्काल उद्धार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

(१०) विपद व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानून बमोजिम गर्ने गराउने ।

## परिच्छेद-३
## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**८. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन हुनेछः-

(क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधी - सदस्य

घ) नेपाल प्रहरी, नेपाली सेना तथा सशस्त्र प्रहरीका स्थानीय प्रमुख - सदस्य

ङ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक - सदस्य

च) रेडक्रस सोसाइटी मादी नगर शाखा संयोजक - सदस्य

छ) नेपाल पत्रकार महासंघ नगरपालिका संयोजक - सदस्य

ज) योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख नगरकार्यपालिकाको कार्यालय - सदस्य सचिव

(२) व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

(३) वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक चलाउनेछ ।

(४) आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ ।

(५) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(६) बैठकको निर्णय अध्यक्ष द्वारा प्रमाणित गर्नुपर्नेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकार** : विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(१) विपद व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने,

(२) कोषको बार्षिक योजना तर्जुमा गरी नगरसभामा पेश गर्ने,

(३) विपद सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गर्ने,

(४) विपदबाट पिडित व्यक्ति परिवार र संघ संस्थालाई तत्काल राहत उपलब्ध गराउने,
(५) विपद बाट पिडितका लागि पुनः स्थापनाको व्यवस्था गर्ने,
(६) वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा वातावरण मैत्री बनाउन समन्वयकारी भूमिका निर्वाह गर्ने ,
(७) विकास प्रकृयामा विपद जोखिम न्यूनीकरणलाई मूल प्रवाहिकरण गर्ने ,
(८) कोषका कार्यहरुको अनुगमन , सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,
(९) स्थानीय तहका विपद जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद जोखिम व्यवस्थापनलाई संस्थागत गरी विपद उत्थानशील समाज निर्माण गर्ने ।

**१०. प्रमुखको काम, कर्तव्य र अधिकार** : प्रमुखको काम, कर्तव्य र अधिकार तपशिल अनुसार हुनेछः-

(क) बैठकको अध्यक्षता गर्ने,
(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,
(ग) बैठकमा प्रतिबेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने,
(घ) समितिका सदस्यहरुलाई कामको बाँडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,
(ङ) कोषको वित्तीय श्रोत जुटाउने र परिचालन गर्ने गराउने,
(च) कोषका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गराउने,

(छ) कोषको बैठक सहभागितात्मक रुपमा गराउने,

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने,

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासंग सम्झौता गर्नूपर्ने भए गर्ने गराउने,

(ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृती गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने,

(ट) कोषका कामको अनुगमन मुल्यांकन गर्ने गराउने ।

**११. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रमुखको निर्देशानुसार बैठक बोलाउने, अध्यक्षसँग सल्लाहमा छलफलका विषयबस्तुहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने,

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

(ग) कोषसँग सम्बन्धित सूचना, तथ्याङ्क तथा अभिलेख अध्यावधिक गर्ने,

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने,

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

(च) कोषका कार्यक्रम तर्जुमा स्वीकृती र कार्यान्वयन गर्न आवश्यक कार्वाही गर्ने,

(छ) कार्यक्रमहरुको अनुगमन गर्ने गराउने,

(ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

**१२. सदस्यको काम कर्तव्य र अधिकार : कोषको सदस्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-**

(क) बैठकमा उपस्थित भइ छलफलमा सक्रियतापूर्वक भाग लिने,

(ख) अध्यक्षको काममा सहयोग पुर्‍याउने,

(ग) तोकिएको जिम्मेवारीलाई पुरा गर्ने,

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

(ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

(च) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुर्‍याउने ।

## परिच्छेद- ४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१३. कोषको वित्तीय व्यवस्थापन :** (१) कोषमा देहायका रकमहरु रहने छन् :-

(क) नगरसभा बाट विपद व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(ख) अन्य स्थानीय तह बाट प्राप्त हुने रकम ,

(ग) दातृ निकाय, परियोजना, गैर सरसरकारी संस्था बाट प्राप्त हुने रकम,

(घ) कोष लाई सेवा शुल्क बाट प्राप्त हुने रकम,

(ङ) कोषलाई अन्य विभिन्न स्रोत हरु बाट प्राप्त हुने रकम,

(च) संघीय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदान सहयोग हुने रकम ।

(२) कोषको रकम नेपाल राष्ट्र बैकद्वारा “क” वर्गको इजाजत प्राप्त कुनैपनि वैङ्कमा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको संचालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखत बाट हुनेछ ।

(३) कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. कोषको आर्थिक व्यवस्था** : कोषको आर्थिक व्यवस्था यस कार्यविधीमा तोकिए बमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. बर्जित गरिएको वारे** : कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ ।

**१६. प्रशासनिक व्यवस्था** : कोषको प्रशासनिक तथा आर्थिक कारोवार प्रचलित कानून अनुसार नगरकार्यपालिकाको कर्मचारीहरु बाट नै संचालन गरिनेछ ।

**१७. बैठक भत्ता**: कोषको व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी सदस्यहरु तथा अन्य आमन्त्रितहरुलाई नगर कार्यपालिकाको निर्णय अनुसार भत्ता उपलब्ध गराइनेछ ।

**१८. कार्यक्रम संचालन सम्बन्धी खर्च व्यवस्था**: (१) कोष बाट संचालन हुने कार्यक्रमहरु कोषले आफै वा अन्य

सरकारी गैरसरकारी निकायसँग मिलेर संचालन गर्न सक्नेछ,

(२) कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ संस्थाहरुको प्राविधिक सहयोग बाट संचालन गराउन सक्नेछ।

(३) नगरपालिका भित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु अन्य कुनै निकाय द्वारा संञ्चालन गरिन्छ भने उक्त कार्यक्रम संचालनको स्वामित्व नगरकार्यपालिकामा रहेको मानिनेछ।

**१९. राहत तथा उद्धार कार्य संचालन सम्बन्धी व्यवस्थाः** : नगरपालिकाका कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहायबमोजिमको व्यवस्थापन गरिनेछ :

(क) विपद प्रभावित स्थानको पहिचान भई तत्काल उद्धार को व्यवस्था गरिने,

(ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने,

(ग) वडा समितिको वैठक द्वारा विपद प्रभावित हरुको सर्जमिन मुचुल्का गराई राहत अनुदानका लागि वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने,

(घ) वातावरण तथा विपद व्यवस्थापन समिति बाट विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिस गर्ने,

(च) यस खण्डमा जेसुकै लेखिएको भएतापनि यस सम्बन्धमा नगरकार्यपालिकाको निर्णय अन्तिम मानिनेछ,

२०. **विपद प्रभावित वर्गीकरण** : नगरपालिकामा आइपर्ने विपद बाट प्रभावितहरुको वर्गीकरण देहायबमोजिम हुनेछ,-

क) **प्रभावित** : प्राकृतिक वा मानव सृर्जित विपद जस्तै भुकम्प, पहिरो, आगलागी आदि बाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरु,

ख) **आंशिक प्रभावित** : प्राकृतिक वा मानव सृर्जित विपदबाट प्रभावित भएकाहरु जस्तै घरमा सामान्य क्षति भएका तर बस्न लायक, पहिरोले खेतवारी सामान्य क्षति पु-याएका, आगलागी भइ घर तथा मानवजन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएका,

ग) **अति प्रभावित** : प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङ्ग भङ्ग भइ जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेका ।

२१. **राहत वितरण व्यवस्थापन सम्बन्धीः** (१) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई दफा २१ को (क) बमोजिमको बर्गीकरणमा परेकाहरुलाई एक देखि पाँच हजार सम्म उपलब्ध गराउने,

(२) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई दफा २१ को (ख) बमोजिमको बर्गीकरणमा परेकाहरुलाई प्रति परिवार पाँच देखि दश हजार सम्म उपलब्ध गराउने,

(३) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. २१ (ग) बर्गीकरणमा परेकाहरुलाई देहायबमोजिम राहत उपलव्ध गराउने,

क) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु ५०,०००।- सम्म दिन सकिनेछ

ख) घरवार विहिन भएका परिवार लाई प्रति परिवार रु ५०,०००।-

ग) अंग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु२५,०००।-

घ) शारीरिक रुपमा घाइते भइ उपचाररत अवस्थामा रहेका प्रति व्यक्ति रु १०,०००।- देखि बढीमा रु २५,०००।- सम्म,

ङ) अति प्रभावितमा सिफारिसमा परेका संघसंस्थाहरुको हकमा महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरुलाइ मर्मत सम्हार तर्फ रु २०,०००।- तथा अन्य संस्थाहरुलाई रु १०,०००।-

२२. **वडा स्तरिय विपद प्रभावित पहिचान समितिः** वडा स्तरिय विपद प्रभावित पहिचान समिति देहायबमोजिम हुनेछः,

क) वडा अध्यक्ष - संयोजक

ख) वडा सदस्यहरु - सदस्य

ग) सम्बन्धित वडामा रहेका सुरक्षा निकायका प्रमुख - सदस्य

घ) सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रमुख - सदस्य

ङ) नगरपालिकाले तोकेको प्राविधिक - सदस्य

च) वडा सचिव - सदस्य सचिव

## परिच्छेद- ५
## विविध

**२३. कोष बाट कार्यक्रम संचालन गर्नुपर्नेः** नगर कार्यपालिकाको कार्यालय, नगर कार्यपालिका र यस अर्न्तगतका समिति वा उपसमितिबाट विपद सम्बन्धि कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछन् ।

**२४. जाँच पास तथा फरफारकः** कोष बाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**२५. नगरपालिका विकास योजनामा समावेश गर्नेः** कोष बाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु नगर पालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२६. कार्यविधीको संशोधनः** यस कार्यविधीलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**२७. बचाउ र खारेजीः** (१)यस कार्यविधीमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानून सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ,

(२) कुनै कारण बाट कोष संचालन हुन नसकेमा नगर कार्यपालिकाले कोषलाइ खारेज गर्न सक्नेछ,

(३) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व नगर कार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ,

(४) यस कार्यविधीमा माथि जुनसुकै कुरा उल्लेख भएपनि यस कार्यविधी लागू हुन भन्दा अगाडी मिति २०७४ साउन १ गते देखि नै गरिएका विपद सम्बन्धि राहत वितरण यसै कार्यविधी बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
आनन्द राज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत